# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## स्वत -प्रकाशन (Pro-active Disclosure)

## २०८२ साल श्रावण महिना देखि आश्विन मसान्तसम्म


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**पशु सेवा कार्यालय**

चरिकोट, दोलखा

फोन नं.: ०४९-४२१११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np

## १. परिचय तथा पृष्ठभूमि

पशु सेवा कार्यालय बि.सं. २०२७ सालमा पशु चिकित्सालय जिरी, दोलखाको नामबाट स्थापना भई प्रारम्भमा जिरी कृषि केन्द्र सँग सयुंक्त रुपमा रहि दोलखा जिल्ला र रामेछाप जिल्लामा सेवा पुराउदै आइरेहेकोमा बि.सं. २०३६ साल देखि पशु विकास तथा पशु स्वास्थ्य विभाग अन्तर्गत रही समन्यात्मक पशु विकास कार्यक्रम र पशु चिकित्सालयको नामबाट यस जिल्लामा पशुपन्छीको उपचार तथा विकास सम्बन्धी कार्यक्रम संचालन गर्दै आइरहेकोमा बि.सं. २०३९ साल देखि जिरी कृषि केन्द्रबाट अलग भई बि.सं. २०४२-२०४३ साल देखि समन्यात्मक पशु विकास कार्यक्रम र पशु चिकित्सालय दुईवटै कार्यक्रम एकै साथ संचालन हुने गरि जिल्ला पशु सेवा शाखामा समाबेश भयो। पशु सेवा कार्यक्रम लाई समय सापेक्ष भरपर्दो बनाउन तत्कालिन श्री ५ को सरकारको निर्णय अनुसार यस कार्यालय लाई बि.सं. २०४४ श्रावण ८ गते जिरीबाट सारेर यस जिल्ला को सदरमुकाम चरिकोटमा स्थापना गरियो। तत्तपश्चात आ.व. २०४९ देखि २०५० सम्म उक्त पशु सेवा साखा लगायत कृषि विकास शाखालाई एउटैमा गाभि जिल्ला कृषि विकास कार्यालय अन्तर्गत पशु सेवा शाखाको संरचनामा परिणत भयो। करिब ३ वर्ष पश्चात कार्यालय आ.व. २०५२/०५३ मा छुट्टिई फेरी जिल्ला पशु सेवा कार्यालय को नाममा खडा भयो र पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रमहरु, पशु सेवा प्रसार, कबुलियती वन बृहतर चौंरी विकास, सहकारी खेति, अति बिपन्न हिमाली आयोजना आदि कार्यक्रमहरु लिएर अगाडी बढेको थियो ।

### हालको स्थिति

नेपालको संविधान २०७२ ले मुलुकभर ३ तहको सरकार, संघिय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारलाई स्थापित गरे संगै बि.स. २०७५ साल कार्तिक १४ गते बाट साबिकको जिल्ला पशु सेवा कार्यालयको नाम परिवर्तन भई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखा कायम भएको हो। बागमती प्रदेश सरकार अन्तर्गतको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मातहतमा रहने यस विज्ञ केन्द्रको कार्य क्षेत्र अन्तर्गत दोलखा र सिन्धुपाल्चोक जिल्ला रहेका थियो। मिति २०८० साल कार्तिक १२ गतेको बागमती प्रदेश सरकारको निर्णयअनुसार यस कार्यालयको नाम पशु सेवा कार्यालय र कार्यक्षेत्र दोलखा जिल्ला रहेको छ। नयाँ संरचना र नयाँ जनशक्ति उपलब्धता भएपनि बिगतका आर्थिक वर्षहरुमा झै पशु विकास तथा पशु स्वास्थ्य कार्यक्रमहरु संचालन भैरहेको र अझ यसलाई बिभिन्न क्षेत्रमा विस्तार गरिदै लागिएको छ। पशुपालन व्यवसायलाई थप व्यावसायिकीकरण

र उत्पादनमुलक बनाउन विभिन्न प्रादेशिक अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरु पनि संचालन भएका छन्। पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुपन्छी गोठ खोर व्यवस्थापन तथा पशु आहारा व्यवस्थापनको महत्व दृष्टिगत गरि सोहि अनुरुपका विभिन्न अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गरिएका छन् ।

**उद्देश्य**

पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई व्यवसायिकरण गर्दै आय-आर्जनको भरपर्दो स्रोतको रुपमा विकसित गरी गरिबी न्यूनिकरण तथा खाद्य पोषण सुरक्षामा प्रत्यक्ष योगदान पुर्याउनु यस कार्यालयको प्रमुख उद्धेश्य हो ।

**अन्य उद्धेश्यहरु यस प्रकार रहेका छन्,**

- ✓ जिल्लालाई दूध, फुल, मासु र माछामा आत्मानिर्भर बनाउदै पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई निकासी योग्य व्यवसायको रुपमा बिकसित गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई व्यावसायिकरण गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सृजना र गरिवी न्यूनिकरण गर्ने ।
- ✓ कृषकको आवश्यकता अनुसार स्वच्छ, स्वस्थ्य पशुपन्छी तथा मत्स्य जन्य बस्तुहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी ग्रामिण जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

## २. पशु सेवा कार्यालय दोलखाको कार्य विवरण

- ✓ पशुपन्छी तथा मत्स्य विकास सम्वन्धी कृयाकलाप संचालनका लागी प्रदेश सरकारको आधिकारिक निकायको रूपमा कार्य गर्ने ।
- ✓ स्थानीय तहमा संचालित पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि कृयाकलापहरूको समेत टेवा पुग्ने किसिमले रोग निदान, उपचार, नियन्त्रण र रोकथामका लागी नियमित रूपमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ सेवा प्रदान गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य धनको स्वास्थ्य संरक्षणका लागि रोग निदान, पशु उपचार सेवा र रोग प्रतिरोधात्मक खोप सेवा संचालन गर्ने ।

- ✓ पशुपन्छी रोग निदान र उपचारका लागि आवश्यक गोबर परिक्षण, रगत परिक्षण, पिसाब परिक्षण र छाला परिक्षण जस्ता आधारभूत प्रयोगशाला सेवा तथा सम्भाव्यताका आधारमा Microbial Test, Antibiotic Sensitivity Test, Disease Screening Rapid Test जस्ता प्राथमिक प्रयोगशाला सेवा प्रदान गर्ने ।

- ✓ पशु आहाराको आपूर्तिको सुनिश्चितताको लागि स्थान विशेषको सम्भाव्यताको आधारमा चरन तथा खर्कको संरक्षण र विकास, भुई तथा डाले घाँसको प्रवर्द्धन र घाँस संरक्षणका विधिहरूको प्रचार प्रसार एवं प्रवर्द्धन गर्ने ।

- ✓ पशु नश्ल सुधार सेवा संचालन गरी कम उत्पादनशिल स्थानीय जातका पशुहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै व्यसायिक पशुपालन तथा उन्नत नश्लका पशुको श्रोत केन्द्र विकासमा सहयोग गर्ने ।

- ✓ पशुपन्छी तथा मत्स्य जन्य उत्पादनको व्यवस्थित बजारीकरण, औधोगिकरण र निकासी प्रवर्द्धनका लागि आवश्यक पुर्वाधारहरूको विकास र संचालनमा टेवा पुर्याउने ।

- ✓ जनस्वास्थ्य संरक्षणका लागि जुनोटिक एवं सिमाविहिन माहामारीजन्य रोगहरू सम्बन्धि सचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।

- ✓ कार्यक्षेत्र भित्रका प्राविधिक कर्मचारी, कृषक र व्यवसायीहरू लक्षित पशुपन्छी तथा मत्स्य विकाससंग सम्बन्धित विशिष्ठिकृत ज्ञान र शीप प्रदान गर्नका लागि ३ दिन सम्मको तालिम संचालन गर्ने ।

- ✓ स्थानीय तहमा कार्यरत प्राविधिकहरूको क्षमता र दक्षताले नभ्याउने प्रकृतिका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि प्राविधिक सेवा टेवा र पृष्टपोषण प्रदान गर्ने ।


- ✓ महामारी तथा प्राकृतिक प्रकोपका कारण भएको पशुधनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति, राहत र पुनरस्थापनाका कार्यहरू गर्ने/गराउने ।

- ✓ पशुपन्छी तथा मत्स्य जैविक विविधताको पहिचान, अभिलेखीकरण, संरक्षण, उपयोग र प्रवर्द्धनमा टेवा पुर्याउने ।

- ✓ स्थानीय तहसँगको समन्वयमा बिषयगत तथ्याङ्क संकलन र प्रेषण हुने प्रवन्ध मिलाई आवधिक तथ्याङकहरू तालुक निकायमा पठाउने।
- ✓ माछापालनको क्षेत्र विस्तार, मत्स्यपालन ह्याचरी स्थापना लगायत मत्स्य विकास कृयाकलापहरू संचालन गर्न/गराउने
- ✓ पशुपन्छी तथा मत्स्य विकास क्षेत्रका ऐन, नियम, मापदण्ड र संहिताहरूको कार्यान्वयन र नियमन गर्ने/गराउने ।
- ✓ स्थानीय आवश्यकतामा आधारित पशुपन्छी तथा मत्स्य विकास सम्वन्धि Feeding Trial, Drug Efficacy Trial, Epidemiological Study जस्ता आधारभूत अध्ययन परिक्षणहरू संचालन गर्ने ।
- ✓ प्रदेश सरकारको लक्ष्य मुताबिक दुध, मासु र अण्डाको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने ।
- ✓ भेटेरिनरी तथा पशु विज्ञान बिषयको स्नातक वा जे.टि./जे.टि.ए. कोर्षमा अध्ययनरत विध्यार्थीहरूको इन्टर्नसिप वा **OJT** प्रशिक्षणमा सहयोग गर्ने ।
- ✓ स्थानीय तहबाट जारी हुने पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमामा आवश्यक पक्षपोषण, समन्वय र सहकार्य गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य बिमा तथा सहुलियत ब्याजदरको कृषि कर्जा प्रवाहमा समन्वय र सहजिकरण गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य विकास क्षेत्रमा नविनतम प्रविधि, श्रव्यदृश्य सामग्री र जानकारीमूलक सूचना प्रवाह गर्ने/गराउने पशु सेवा सुचना केन्द्रको रूपमा कार्य गर्ने ।
- ✓ प्रदेश अन्तर्गत सन्चालन हुने संघिय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, आयोजना, कृयाकलापहरूमा आवश्यक समन्वय र सहकार्य गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य विकासको सन्दर्भमा प्रदेश र स्थानीय तहहरू बिच समन्वय गर्ने ।
- ✓ तालुक मन्त्रालय र निर्देशनालयको निर्देशन मुताबिकका अन्य कार्यहरू गर्ने/गराउने ।

## ३. कार्यालयको संगठन संरचना, जनशक्ती विवरण र शाखागत कार्यविवरण

### संगठन संरचना




### जनशक्ती विवरण

| क्र.स. | पद | समूह | तह | पद संख्या | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | ला.पो.डे.डे./भेटेरिनरी/ मत्स्य | ९/१० | १ | १ | ० | |
| २ | पशु विकास अधिकृत | ला.पो.डे.डे. | ७/८ | १ | ० | १ | |
| ३ | पशु चिकित्सक | भेटेरिनरी | ८ | १ | ० | १ | |
| ४ | पशु सेवा प्राविधिक | ला.पो.डे.डे. | ५/६ | १ | १ | ० | |
| ५ | पशु स्वास्थ्य प्राविधिक | भेटेरिनरी | ५/६ | १ | १ | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | नायव पशु सेवा प्राविधिक | ला.पो.डे.डे. | ४/५ | १ | १ | ० | |
| ७ | नायव पशु स्वास्थ्य प्राविधिक | भेटेरिनरी | ४/५ | १ | १ | ० | |
| ८ | सहायक/अधिकृत | सा. प्रशासन | ५/६ | १ | ० | १ | |
| ९ | सहायक/अधिकृत | लेखा | ५/६ | १ | ० | १ | |
| १० | हलुका सवारी चालक | मेकानिकल | तहविहिन | १ | १ | ० | |
| ११ | कार्यालय सहयोगी | सा. प्रशासन | तहविहिन | २ | २ | ० | १ जना करार |
| | जम्मा | | | **१२** | **८** | **४** | |

**<u>शाखागत कार्यविवरण</u>**

**पशु चिकित्सा तथा प्रयोगशाला शाखा**

- ✓ पशुपन्छी तथा मत्स्यका लागी विशिष्टिकृत पशु चिकित्सा (मेडिकल, सर्जिकल, गाईनोकोलोजिकल, रेडियोलोजिकल) सेवा प्रदान गर्ने।
- ✓ पशुपन्छी तथा मत्स्य स्वास्थ्य परिक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी सेवा उपलब्ध गराउने ।
- ✓ पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजीकल, पारासाईटोलोजिकल, माईक्रोबायोलोजिकल, बेशिक भाईरोलोजिकल तथा बायोकेमेस्ट्रि) सेवा प्रदान गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य रोगहरूमा आवश्यकता अनुसार औषधोपचार सेवा संचालन गर्ने।

- ✓ पशुपन्छी तथा मत्स्य रोगको सर्भिलेन्स, तथ्याङ्क संकलन तथा व्यवस्थापन र सम्प्रेषण गर्ने।
- ✓ अल्ट्रासाउण्ड, एक्स-रे लगायतका सेवा उपलब्ध गराउने ।
- ✓ विशेषज्ञबाट घुम्ती स्वास्थ्य शिविर लगायतका सेवा संचालन गर्ने ।
- ✓ पशुको शव परिक्षण गर्ने ।
- ✓ नेपाल राष्ट्रपक्ष रहेको विश्व पशु स्वास्थ्य संगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनमा पशुपन्छी (वन्यजन्तु समेत), माछा, मौरी रोग तथा अवस्थाको सम्बन्धमा निर्दिष्ट ढाँचामा रिपोर्टिङ गर्ने ।
- ✓ पशु रोग जोखिम विश्लेषण गर्ने ।
- ✓ रेविज रोग नियत्रणका लागि घरपालुवा तथा सामुदायिक कुकुर, विरालोमा खोप र बन्ध्याकरण सेवा संचालन गर्ने ।
- ✓ पशुपन्छीमा खोपको माग तथा आपूर्ति व्यवस्थापन गर्ने ।
- ✓ पशु स्वास्थ्य नियमन सेवा संचालन एवं समन्वय गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्यजन्य महामारी एवमं प्रकोप व्यवस्थापन गर्ने ।
- ✓ आधुनिक पशु उपचार सम्वन्धि प्रविधि हस्तान्तरण तथा विस्तार गर्ने ।
- ✓ पशु स्वास्थ्य सम्वन्धि जनचेतनामूलक कार्य संचालन गर्ने ।
- ✓ एक स्वास्थ्यको अवधारणा कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने।
- ✓ डेरी पसल, माछा/मासु पसल, बधस्थल, बधशाला, भेटेरिनरी औषधी पसल, पेट सप, केनल क्लब, एक्वरियम, पशु हाट बजार लगायतका पशु सेवा प्रदायकको अनुगमन तथा नियमन गर्ने।
- ✓ पशु कल्याण सम्बन्धि आवश्यक कार्य गर्ने ।

**पशु विकास तथा प्रविधि प्रसार शाखा**

- ✓ कृत्रिम गर्भाधान सेवा संचालनका लागि तरल नाइट्रोजन तथा सिमेनको ब्यवस्था गर्ने
- ✓ पशु प्रजननसँग सम्वन्धीत समस्याहरूको निराकरण गर्न तहहरूसँगको समन्वयमा विशेष कार्यक्रमहरू संचालन गर्ने
- ✓ स्थानीय तहहरूलाई आवश्कता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने

- ✓ पशुपालन क्षेत्रमा देखा परेका चुनौतिहरूलाई सम्वोधन गर्न अध्ययन, परीक्षण अनुसन्धान सेवा प्रदान गर्ने ।
- ✓ स्थानीय तहबाट माग भएको अवस्थामा गुणस्तरीय घाँसको बीउ, डालेघाँसको बेर्ना, सेट्स लगायत उत्पादन समाग्रीको आपूर्ती ब्यवस्थापन सहजिकरण गर्ने सो कार्यको लागि घाँस तथा डाले घाँसको गुणस्तरिय वीज वृद्धि तथा नर्सरी व्यवस्थापन सम्वन्धी कार्यक्रमहरू संचालन गर्ने ।
- ✓ पशुपन्छी तथा माछाको स्रोत केन्द्र विकास गर्न आवश्यक सहजिकरण तथा प्राविधिक सेवा प्रदान गर्ने र सोको लागि आवश्यक गुणस्तरीय पशुपन्छीको उत्पादन तथा विस्तार गर्न न्युक्लियस हर्ड/फ्लक संचालन गर्ने ।
- ✓ पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्री सम्वन्धी तथ्याङक ब्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- ✓ पशुपन्छी प्रसारको योजना तर्जुमा, व्यवसायिक योजना निर्माणमा आवश्यकता अनुसार स्थानीय तहलाई सहजिकरण गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्य कर्जा र विमा प्रवद्र्धनमा सहजिकरण गर्ने ।
- ✓ पशुपन्छी स्रोत केन्द्र व्यवस्थापनमा सहजिकरण गर्ने ।
- ✓ असल पशुपालन अभ्यास प्रवद्र्धन तथा विस्तार गर्ने ।
- ✓ स्थानीय तहमा कार्यरत प्राविधिक तथा अगुवा कृषक÷ब्यवसायीको कार्यक्षमता अभिवृद्धि गर्न प्रशिक्षण प्रदर्शनहरू संचालन गर्ने ।
- ✓ प्रविधि/नतिजा प्रदर्शनको लागि सूचना केन्द्र संचालन गर्ने ।
- ✓ व्यवसायिक पशुपन्छी फार्म, हयाचरी, दुग्ध प्रशोधन उद्योग र दाना उद्योगको तथ्याङ्क अद्यावधिक गर्ने र प्रदेश निर्देशनालयमा रिपोर्टिङ्ग गर्ने ।
- ✓ आफ्नो कार्यक्षेत्र भित्र पशुपन्छी उत्पादन सामाग्रीहरू तथा पशुपन्छीजन्य उत्पादनहरूको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने ।

**प्रशासन शाखा**

- ✓ कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- ✓ कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- ✓ जिन्सी तथा स्टोर व्यवस्थापन गर्ने ।

- ✓ जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- ✓ तालुक निकायहरुबाट प्राप्त निर्देशन, परिपत्र एवं राय सुझाव कार्यान्वयन गर्ने/गर्न सहयोग गर्ने ।

## ४. प्रदान गर्ने सेवा र सेवा प्रदान गर्दा लाग्ने दस्तुर

# नागरिक वडापत्र

| क.स. | सेवाको प्रकृति | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकिया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने दस्तुर | लाग्ने समयावधि | सेवा प्रदान गर्ने जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य परिक्षण सेवा शुल्क | | | | |
| १.१ | गाई, भैंसीको | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | १० | कार्यालय समय भित्र | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| १.२ | भेडा, बाख्रा, बंगुर, खरायो | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५ | कार्यालय समय भित्र | " |
| १.३ | कुखुरा, हाँस र अन्य पन्छी | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५ | कार्यालय समय भित्र | " |
| १.४ | कुकुर, बिरालो | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५० | कार्यालय समय भित्र | " |
| १.५ | हात्ती, घोडा, बाँदर र अन्य वन्यजन्तु | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | २०० | कार्यालय समय भित्र | " |
| २ | पोष्टमार्टम (शव परिक्षण) | | | | |
| २.१ | गाई, भैंसी, | मरेको पशुको शव उपयुक्त किसिमबाट ल्याइएको हुनुपर्नेछ, पुरानो, सडेको, दुर्गन्धित पशुपन्छीको शव परिक्षण गरिने छैन। | २०० | | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| २.२ | भेडा, बाख्रा, बंगुर, खरायो | | ५० | | " |
| २.३ | कुखुरा चरा र हाँस | | १० | | " |
| २.४ | अन्य पन्छी | | ५० | | " |
| २.५ | कुकुर, बिरालो | | २०० | | " |
| २.६ | माछा | | ३० | | " |
| २.७ | अन्य | | ५० | | " |
| ३ | प्रयोगशाला परिक्षण | | | | |
| ३.१ | गोबर परिक्षण | गोबर संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ | १५ | कार्यालय समय भित्र | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| ३.२ | दुध परिक्षण (CMT Test) | दुध संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ | २५ | कार्यालय समय भित्र | " |
| ३.३ | रक्त परिक्षण (हेमोग्लोबिन,CBC,TLC,DLC,RBC,ESR, Platelets, पि. सि. भी.) | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | २८० | कार्यालय समय भित्र | " |
| ३.४ | स्किन इस्यापिङ | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५० | कार्यालय समय भित्र | " |
| ३.५ | ब्लड पारासाइड | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५० | कार्यालय समय भित्र | " |
| ३.६ | रेपिड टेष्ट | पशुलाई कार्यालयमा ल्याउनु पर्ने/नमुना संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ | ५० | कार्यालय समय भित्र | " |
| ४ | अल्ट्रासाउण्ड | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ४०० | आवश्यकता अनुसार | " |
| ५ | ठुलोचौपाय मेजर अपरेशन | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ३०० | आवश्यकता अनुसार | " |
| ६ | सानो चौपाय मेजर अपरेशन कुकुर विरालो बाहेक | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | २०० | आवश्यकता अनुसार | " |
| ७ | अन्य मेजर अप्रेसन | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५०० | आवश्यकता अनुसार | " |
| ८ | मेजर अप्रेसन (कुकुर, बिरालो) | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ६०० | आवश्यकता अनुसार | " |
| ९ | माइनर अप्रेसन | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५० | आवश्यकता अनुसार | " |
| १० | जटिल घाउँको ड्रेसिङ | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | १०० | आवश्यकता अनुसार | |
| ११ | रेबिज विरुद्धको खोप | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ७५ | आवश्यकता अनुसार | |
| १२ | प्लास्टर | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | १५० | आवश्यकता अनुसार | " |
| १३ | बोका, साँडे, राँगो सुमार्ने | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | १५ | कार्यालय समय भित्र | " |
| १४ | कृत्रिम गर्भाधान (गाई, भैंसी, बाख्रा) | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | ५० | आवश्यकता अनुसार | " |
| १५ | गर्भ परिक्षण | पशुलाई कार्यालयमा ल्याउनु पर्ने | १० | कार्यालय समय भित्र | " |
| १६ | महामारी रोग नियन्त्रण | मौखिक तथा लिखित अनुरोध | निःशुल्क | कार्यालय समय भित्र | " |
| ४ | सिफारिस सम्बन्धी | | | | |
| ४.१ | पशुपन्छी तथा मत्स्य फार्म/ह्याचरी स्थापना तथा आयात निर्यात सिफारिस (सम्बन्धित संघिय निकायमा) | लिखित अनुरोध | निःशुल्क | बढीमा एक हप्ता (अनुगमन गरी आवश्यकता अनुसार) | पशु विकास तथा प्रविधि प्रसार शाखा |
| ५ | परामर्श सेवा | | | | |
| १ | पशुपालन व्यवसाय प्रवर्द्धन | मौखिक तथा लिखित अनुरोध | निःशुल्क | सोही दिन | पशु विकास तथा प्रविधि प्रसार शाखा |
| २ | पशु प्रजनन् व्यवस्थापन | " | निःशुल्क | सोही दिन | " |
| ३ | बजारीकरण सेवा | " | निःशुल्क | सोही दिन | " |
| ४ | बिमा सम्बन्धी | " | निःशुल्क | सोही दिन | " |
| ५ | पशुपन्छी तथ्यांक सम्बन्धी | रु. १० को टिकट सहितको लिखित निवेदन | निःशुल्क | सोही दिन | " |
| ६ | पशुसेवा सम्बन्धित ऐन नियम | मौखिक तथा लिखित अनुरोध | निःशुल्क | सोही दिन | " |

## ५. कार्यरत कर्मचारी र जिम्मेवार शाखा

| क्र.स. | कर्मचारीको नाम | पद | तह | जिम्मेवार शाखा | कै |
|---|---|---|---|---|---|
| १ | डा. टेक राज पौडेल | वरिष्ठ पशु विकास अधिकृत | नवौं | कार्यालय प्रमुख | |
| २ | श्री प्रकाश थापा | पशु स्वास्थ्य प्राविधिक | पाचौं | पशु चिकित्सा तथा प्रयोगशाखा शाखा, स्टोर, सूचना अधिकारी | |
| ३ | श्री महेन्द्र कडेल | पशु सेवा प्राविधिक | पाचौ | पशु विकास तथा प्रविधि प्रसार शाखा | |
| ४ | श्री टेक बहादुर सुनुवार | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | पशु चिकित्सा तथा प्रयोगशाखा शाखा, प्रशासन शाखा | |
| ५ | श्री करन बोहोरा | नायव पशु सेवा प्राविधिक | चौथो | पशु विकास तथा प्रविधि प्रसार शाखा | |
| ६ | श्री तिर्थ बहादुर थापा | ह.स.चा. | पाचौं | प्रशासन | |
| ७ | श्री अर्जुन थापा | का.स. | पाचौ | प्रशासन | |
| ८ | श्री दिनेश न्यौपाने | का.स. | | प्रशासन | सेवा करार |
| ९ | श्री गिता दाहाल | माली | | प्रशासन | सेवा करार |

## ६. सम्पादन गरेको कामको विवरण

क. पशुपन्छीको उपचार र रोग नियन्त्रण

ख. लम्पि स्किन रोग विरुद्ध सप्ताहव्यापी खोप अभियान

ग. महामारी रोग नियन्त्रणका लागि नमूना संकलन र प्रक्षेपण

घ. पशुपन्छी तथा मत्स्य पदार्थ उपभोग प्रवर्द्धनका लागि मोही वितरण

ङ. सरोकारवालाहरुको उपस्थितिमा वार्षिक कार्यक्रम सार्वजनिकिकरण

## ७. सूचना अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| श्री प्रकाश थापा<br>सूचना अधिकारी<br>सम्पर्क नं.: ९८५४०४५११४  | डा. टेक राज पौडेल<br>कार्यालय प्रमुख<br>सम्पर्क नं.: ९८५४०४५११५  |

## ८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, नियमावली, २०५६

पशु बधशाला तथा मासु जाँच ऐन २०५५, नियमावली, २०५७

दाना ऐन २०३३ नियमावली, २०४१

नेपाल पशु चिकित्सा परिषद ऐन, २०५५

राष्ट्रिय कृषि विकास नीति, २०६१

बड्फ्लु रोग नियन्त्रण आदेश, २०६४

कृषि सहुलियत पूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यविधि,२०८१

कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि,२०८१

मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१

राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यविधि,२०८१

कृषि क्षेत्रमा नवप्रवर्तन कार्यक्रम संचालन कार्यविधि,२०८१

कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

पशु स्रोत केन्द्र स्थापना कार्यविधि, २०८१

दुग्ध जन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि,२०८१

स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यविधि, २०८१

एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यान्वयन कार्यविधि,२०८१

## ९. आम्दानी, खर्च तथा आर्थिक कारोबारको अद्यावधिक विवरण

| क.स. | कार्यक्रमको प्रकृति | कुल बजेट रु. | प्रथम चौमासिकमा भएको खर्च विवरण |
|---|---|---|---|
| १ | पुँजीगत तर्फ | ५००००००.० | ० |
| २ | चालु तर्फ | ४६४८३०००.० | १९३९२७६.२० |
| ३ | सशर्त तर्फ पशु सेवा कार्यक्रम | ५०००००.० | ० |

आम्दानी विवरण

| शिर्षक | श्रावण | भाद्र | असोज | जम्मा |
|---|---|---|---|---|
| १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | ११२२५.० | ११८४०.० | ११६१५.० | ३४६८०.० |

१०.सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण

यस कार्यालयको बेभसाईट www.vetdolakha.gov.np रहेको छ।

११.सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता विवरणः छैन।

१२.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः छैन।